किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल


## गुनासो दर्ताको निवेदन पेश सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति: २०८०।०१।०४**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको सहयोगमा आ.व. २०७७/०७८ मा यस किस्पाङ गाउँपालिकाद्वारा संचालित गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको प्राप्त तथ्याङ्कको विश्लेषण गरी गरिब परिवारको अति गरिव, मध्यम गरिव र सामान्य गरिवको सूचीमा सूचीकृत भएका गरिव परिवारको प्रारम्भिक सूची यसैसाथ संलग्न गरी प्रकाशित गरिएको व्यहोरा सर्वसाधारणलाई जानकारीको लागि अनुरोध छ। साथै यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिलका आधारमा गुनासो सुनुवाइ अधिकारी समक्ष गुनासो/उजुरी दर्ता गर्न सकिनेछ।

### गुनासो/ उजुरी दर्ता गर्ने आधार

१. गरिब परिवारमा समावेश हुनुपर्नेमा प्रारम्भिक सूचिमा नपरेको भन्ने लागेमा सम्बन्धित परिवारको १८ वर्ष उमेर पूरा भएको सदस्यले अनुसूचि-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली गुनासो दर्ता गर्न सकिनेछ।

२. गरिब परिवारमा समावेश नहुनु पर्नेमा सो सूचिमा प्रकाशन भएको देखिएमा सम्बन्धित स्थानीय तहमा बस्ने जोसुकै व्यक्तिले अनुसूचि-१ बमोजिमका सूचकमा आधारित भई पर्याप्त आधार र कारण खोली उजुरी दिन सकिनेछ।

३. कुनै व्यक्तिले उजुरी दिनुपर्दा सम्बन्धित स्थानीय तहमा गुनासो सुनुवाई अधिकारी समक्ष अनुसूचि-२ वा अनुसुचि-३ बमोजिमको ढाँचामा सम्पूर्ण विवरणहरु स्पस्टसँग भरी निवेदन दिनु पर्नेछ।

४. गरिब परिवारको प्रारम्भिक सूचिमा समावेश भएको कुनै परिवारले अनुसूचि-४ बमोजिम गरिब परिवारको सूचिबाट हटाउन अनुरोध गरी स्वघोषणा गर्न सक्नेछ।

**गुनासो सुनुवाइ अधिकारीहरुको विवरण**

| क्र.स. | नाम, थर | संपर्क नं |
|---|---|---|
| १. | हिल्लीराज घले | ९८४३२८३१८१ |
| २. | स्मृति लामा तामाङ | ९७४२४६२१६३ |

महा प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत